# आर्थिक वर्ष २०८१/८२ चौथो त्रैमासिकको कुल गार्हस्थ्य उत्पादन

## प्रकाशित मितिः २०८२/०६/२६

१. परिचय

अर्थतन्त्रभित्र विभिन्न आर्थिक क्रियाकलाप जस्तैः वस्तु तथा सेवाको उत्पादन, उपभोग, सञ्चय, लगानी आदि सञ्चालन भइरहेका हुन्छन्। फलस्वरूप विभिन्न आर्थिक सूचक जस्तैः कुल उत्पादन, मध्यवर्ति उपभोग, कुल मुल्य अभिवृद्धि, आर्थिक वृद्धिदर, अन्तिम उपभोग, लगानी आदि निरन्तर परिवर्तन भइरहन्छन्। यस किसिमका आर्थिक परिसूचकहरू राष्ट्रिय लेखा प्रणालीबाट तयार गरिन्छ। आर्थिक सूचकमा भएको परिवर्तनको आधारमा सम्बन्धित सरोकारवाला निकायले आवश्यक नीति निर्माण गर्ने, नीति परिवर्तन गर्ने, कार्यक्रम कार्यान्वयनमा पुनरावलोकन गर्ने लगायतका विभिन्न निर्णय गर्दछन्। साथै, आर्थिक सूचकको प्रयोगबाट अर्थतन्त्रको स्वरूप, संरचना तथा व्यवहारको अध्ययन गरिन्छ। यसका अतिरिक्त, अर्थशास्त्रीय विश्लेषण तथा अन्तर्राष्ट्रिय तुलनात्मक अध्ययनमा समेत आर्थिक सूचकको व्यापक प्रयोग भइरहेको हुन्छ।

राष्ट्रिय लेखा प्रणाली बमोजिम आर्थिक सूचक निर्माण गर्नका लागि अर्थतन्त्रभित्र सञ्चालित सबै प्रकारका आर्थिक क्रियाकलापलाई मापन गरी तथ्याङ्कीय स्वरूपमा प्रस्तुत गर्ने गरिन्छ। यस किसिमका तथ्याङ्क उपलब्ध गराउनका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले अन्तर्राष्ट्रिय मापदण्ड तथा सिद्धान्तको अनुशरण गरी वार्षिक, प्रादेशिक तथा त्रैमासिक राष्ट्रिय लेखाका अनुमान तयार गरी नियमित रूपमा सार्वजनिक गर्दै आएको छ। वार्षिक राष्ट्रिय लेखाका अनुमानबाट छोटो अवधिमा हुने आर्थिक वृद्धि वा संकुचनलाई लेखाजोखा गर्न सकिंदैन। तसर्थ, छोटो अवधिमा भएका परिवर्तनलाई समेटी अर्थतन्त्रको दिशाबोध गर्नका लागि त्रैमासिक राष्ट्रिय लेखाका अनुमान प्रयोग गर्ने प्रचलन रही आएको छ। यसै सन्दर्भमा नेपालले पनि आर्थिक वर्ष २०६७/६८ देखि निरन्तर रूपमा त्रैमासिक राष्ट्रिय लेखा अनुमान तयार गरी प्रकाशन गर्दै आएको छ। अर्थतन्त्र भित्र सञ्चालित सबै आर्थिक क्रियाकलापहरूमा छोटो अवधिमा भएका परिवर्तनलाई विभिन्न सूचकको माध्यमबाट मापन गरी राष्ट्रिय लेखाका त्रैमासिक अनुमान तयार गरिन्छ।

हाल प्रकाशित त्रैमासिक राष्ट्रिय लेखाका अनुमान आर्थिक वर्ष २०६७/६८ लाई आधार वर्ष मानेर तयार गरिएका छन्। यी त्रैमासिक रूपमा प्रकाशित अनुमान स्थिर मुल्यमा मात्र मापन गरिएका छन्। प्रत्येक त्रैमासिक समाप्त भएको ९० दिन भित्रमा त्रैमासिक राष्ट्रिय लेखा अनुमान सार्वजनिक

गर्ने कार्यालयको अभ्यासबमोजिम चालु आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिकको अनुमान सार्वजनिक गरिएको छ। यस क्रममा अघिल्ला त्रैमासिकहरूमा प्रकाशित राष्ट्रिय लेखाका अनुमानहरूलाई अद्यावधिक गरी परिमार्जन समेत गरिएको छ।

## २. त्रैमासिक राष्ट्रिय लेखा अनुमान गर्ने विधि

त्रैमासिक कुल गार्हस्थ्य उत्पादनका अनुमान तयार गर्दा विभिन्न आर्थिक क्रियाकलापहरूसँग सम्बन्धित सूचकहरूका आधारमा प्रथमतः मौसमी प्रभाव सहितका त्रैमासिक कुल गार्हस्थ्य उत्पादन (Seasonally Unadjusted Quarterly Gross Domestic Product) अनुमान गर्ने गरिएको छ। त्यसपछि अन्तर्राष्ट्रिय मुद्रा कोष (International Monetary Fund-IMF) ले प्रचलनमा ल्याएको अरिमा (X-12a ARIMA) को प्रयोग गरी मौसमी प्रभाव समायोजित कुल गार्हस्थ्य उत्पादनका (Seasonally Adjusted Quarterly Gross Domestic Product) अनुमान तयार गरिँदै आइएको छ। यी अनुमानका आधारमा त्रैमासिक वृद्धिदर तयार गरिन्छ।

तालिका १ मा मौसमी प्रभाव सहितका मुल्य अभिवृद्धिको वृद्धिदर (Growth rate of value added) तथा कुल गार्हस्थ्य उत्पादन वृद्धिदर प्रस्तुत गरिएको छ। यस्ता वृद्धिदर अनुमान गर्न अघिल्लो आर्थिक वर्षको सोही त्रैमासिकको विवरणसँग तुलना गर्ने गरिन्छ। यो तालिकामा प्रस्तुत गरिएका वृद्धिदरबाट अघिल्लो आर्थिक वर्षको त्रैमासिकबाट लगत्तै त्यसपछिको आर्थिक वर्षको सम्बन्धित त्रैमासिकमा कति प्रतिशतले आर्थिक वृद्धि भयो भनेर जानकारी प्राप्त हुन्छ। अर्कोतर्फ, तालिका २ मा मौसमी प्रभाव समायोजित मुल्य अभिवृद्धिको वृद्धिदर (Growth rate of value added) तथा कुल गार्हस्थ्य उत्पादन वृद्धिदर प्रस्तुत गरिएको छ। यस्ता वृद्धिदर क्रमशः अघिल्लो त्रैमासिकको विवरणसँग तुलना गरी गणना गरिएको हुन्छ । यो तालिकाको तथ्याङ्कबाट अघिल्लो त्रैमासिकबाट लगत्तैको पछिल्लो त्रैमासिकमा कति प्रतिशतले वृद्धि भयो भनेर बुझ्नको लागि उपयोगी हुन्छ। त्यसैगरी, तालिका ३ मा मौसमी प्रभाव सहितका स्थिर मुल्य (आर्थिक वर्ष २०६७/६८ आधार वर्ष) मा मापन गरिएका मुल्य अभिवृद्धि तथा कुल गार्हस्थ्य उत्पादन प्रस्तुत गरिएको छ। त्यसैगरी, तालिका ४ मा मौसमी प्रभाव समायोजित स्थिर मुल्य (आर्थिक वर्ष २०६७/६८ आधार वर्ष) मा मापन गरिएका मुल्य अभिवृद्धि तथा कुल गार्हस्थ्य उत्पादन प्रस्तुत गरिएको छ।

## ३. आर्थिक वृद्धिको त्रैमासिक अवस्था

तालिका १ मा प्रस्तुत मौसमी प्रभाव समायोजन नगरिएको तथ्याङ्क अनुसार त्रैमासिक कुल गार्हस्थ उत्पादन आधारभूत मुल्यमा अघिल्लो आर्थिक वर्ष २०८०/८१ को चौथो त्रैमासिकको तुलनामा चालु आर्थिक वर्ष २०८१/८२ को सोही अवधिमा ४.७ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान गरिएको

छ। यो त्रैमासिकमा अर्थतन्त्रको धनात्मक वृद्धि हुनुमा विद्युत उत्पादन तथा वितरणमा भएको वृद्धि, यातायात तथा भण्डारणमा भएको वृद्धि र वित्तिय तथा विमा क्षेत्रमा भएको वृद्धि प्रमुख कारक रहेका छन्। समग्रमा यस त्रैमासमा प्रस्तुत गरिएका कुल १८ वटा औद्योगिक क्षेत्र सबैमा धनात्मक वृद्धिदर रहेको अनुमान छ। यद्यपी यस अवधिमा खानी तथा उत्खनन्, पानी तथा फोहर व्यवस्थापन र औद्योगिक उत्पादनमा सामान्य वृद्धि भएको अनुमार रहेको छ।

तालिका २ मा प्रस्तुत मौसमी प्रभाव समायोजित तथ्याङ्कका आधारमा त्रैमासिक कुल गार्हस्थ उत्पादन आधारभूत मुल्यमा चालु आर्थिक वर्ष २०८१/८२ को तेश्रो त्रैमासिकको तुलनामा चालु आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिकमा १.४ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान छ। चालु आर्थिक वर्षको तेश्रो त्रैमासिकको तुलनामा चालु आर्थिक वर्षको चौथो त्रैमासिकमा प्रस्तुत गरिएका कुल १८ ओटा औद्योगिक क्षेत्रमध्ये दुई ओटा क्षेत्र (औद्योगिक उत्पादन र सूचना तथा संचार क्षेत्र) मा भएको ऋणात्मक वृद्धिको प्रभाव तथा अन्य क्षेत्रको सामान्य वृद्धिको कारणले समग्र कुल गार्हस्थ्य उत्पादन सामान्य अङ्कले मात्र वृद्धि हुने अनुमान गरिएको हो। तेस्रो त्रैमासको तुलनामा चौथो त्रैमासमा खानी तथा उत्खनन् क्षेत्रमा अन्य क्षेत्रको भन्दा धेरै वृद्धि हुने अनुमान गरिएको छ।

## ४. मौसमी प्रभाव असमायोजित त्रैमासिक कुल मुल्य अभिवृद्धि वृद्धिदर

*(आर्थिक वर्ष २०८०/८१ को चौथो त्रैमासिकको तुलनामा आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिकको वृद्धि)*

चालु आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिक र अघिल्लो आर्थिक वर्ष २०८०/८१ को चौथो त्रैमासिक अवधिबीच क्षेत्रगत तुलनागर्दा अर्थतन्त्रका प्रस्तुत गरिएका सबै १८ ओटा औद्योगिक क्षेत्रहरूको कुल मुल्य अभिवृद्धि वृद्धिदर धनात्मक रहेको छ (तालिका १)। जसमध्ये वित्तिय तथा विमा क्षेत्रसँग सम्बन्धित क्रियाकलापको सबैभन्दा धेरै वृद्धिदर (१६.२%) रहेको छ भने यस क्षेत्रलाई पछ्याँदै विद्युत उत्पादन तथा वितरण क्षेत्रमा १४.० प्रतिशत र यातायात तथा भण्डारण क्षेत्रमा १०.१ प्रतिशत वृद्धि भएको प्रारम्भिक अनुमान गरिएको छ।


अर्थतन्त्रमा सबैभन्दा धेरै योगदान पुर्याउने कृषि क्षेत्रको वृद्धिदर २.८ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ। बर्षेबाली, तरकारीबाली तथा केही नगदेबालीहरुको उत्पादनमा भएको सामान्य वृद्धिले यस क्षेत्रको कुल मूल्य अभिवृद्धिमा सकारात्मक प्रभाव परेको देखिन्छ। चालु आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिकमा अर्थतन्त्रको दोस्रो ठुलो हिस्था ओगटेको थोक तथा खुद्रा व्यापार क्षेत्रको वृद्धिदर ५.७ प्रतिशत भएको अनुमान गरिएको छ। खासगरी, कृषि तथा व्यापारजन्य वस्तुहरूको स्वदेशी उत्पादनमा भएको वृद्धि तथा प्रमुख व्यापारजन्य वस्तुको आयातमा

भएको वृद्धिका कारणले गर्दा यस क्षेत्रको वृद्धि ५.७ प्रतिशत हुने अनुमान गरिएको छ। त्यसैगरी, गत आर्थिक वर्षको चौथो त्रैमासिकको तुलनामा चालु आर्थिक वर्षको चौथो त्रैमासिकमा तुलनात्मक रूपमा सबैभन्दा कम खानी तथा उत्खनन् (०.४%) र यो क्षेत्रपछि कम वृद्धिदर औद्योगिक वस्तुको उत्पादनमा १.५ प्रतिशतको वृद्धि हुने प्रारम्भिक अनुमान छ। यस त्रैमासिकमा पानीको आपूर्ति, ढल निकास, फोहर व्यवस्थापन क्षेत्रको वृद्धि १.९ प्रतिशत, शिक्षा क्षेत्रको वृद्धि २.८ प्रतिशत, आवास तथा भोजन क्षेत्रको वृद्धि ३.९ प्रतिशत हुने प्रारम्भिक अनुमान छ।

विगत चारवटा आर्थिक वर्षहरूको त्रैमासिक कुल गार्हस्थ्य उत्पादन वृद्धिदरलाई चित्र १ मा प्रस्तुत गरिएको छ। जसअनुसार नेपालको आर्थिक वृद्धिदर विगतमा कहिले बढ्ने, कहिले घट्ने हुदै औसतमा चार प्रतिशत हाराहारीमा रहेको देखिन्छ।

चित्र १ मौसमी प्रभाव असमायोजित आर्थिक वृद्धिदर


*(अघिल्लो आर्थिक वर्ष र लगत्तै पछिल्लो आर्थिक वर्षको सम्बन्धित त्रैमासिकको तुलनात्मक वृद्धिदर)*




आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिकमा प्रस्तुत गरिएका १८ ओटा औद्योगिक क्षेत्रहरूको मौसमी प्रभाव असमायोजित कुल मुल्य अभिवृद्धि वृद्धिदरलाई चित्र २ मा प्रस्तुत गरिएको छ।

चित्र २ औद्योगिक क्रियाकलापअनुसार मौसमी प्रभाव असमायोजित कुल मुल्य अभिवृद्धि वृद्धिदर

(आर्थिक वर्ष २०८१/८२ चौथो त्रैमासिक)




## ५. मौसमी प्रभाव समायोजित त्रैमासिक कुल मुल्य अभिवृद्धि वृद्धिदर

*(आर्थिक वर्ष २०८१/८२ को तेश्रो त्रैमासिकको तुलनामा आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिकको वृद्धि)*


मौसमी प्रभाव समायोजित त्रैमासिक वृद्धिलाई हेर्दा चालु आर्थिक वर्ष २०८१/८२ को तेश्रो त्रैमासिक (माघ, फागुन र चैत) को तुलनामा चालु आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिक (वैशाख, जेठ र असार) को प्रारम्भिक अनुमान अनुसार प्रस्तुत गरिएका कुल १८ ओटा औद्योगिक क्षेत्रमध्ये १६ वटा क्षेत्रको वृद्धिदर धनात्मक देखिन्छ भने दुई वटा औद्योगिक क्षेत्रको वृद्धिदर ऋणात्मक देखिन्छ (तालिका २)। यस अवधिमा खानी तथा उत्खनन् क्षेत्रमा सबैभन्दा बढी १३.४ प्रतिशत वृद्धि हुने अनुमान गरिएको छ। यो अवधिमा अर्थतन्त्रमा सबैभन्दा बढी हिस्सा रहेको कृषि, वन तथा मत्स्य क्षेत्रको वृद्धिदर सामान्य वृद्धि ०.९ प्रतिशत रहन गएको छ भने समग्र अर्थतन्त्रको वृद्धिदर १.४ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ। ऋणात्मक वृद्धिदर हुने दुई ओटा

औद्योगिक क्षेत्रहरूमध्ये सबैभन्दा धेरै सूचना तथा सञ्चार क्षेत्रको -३.६ प्रतिशत र औद्योगिक उत्पादन क्षेत्रको -०.४ प्रतिशत रहेको छ।

आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिकमा प्रस्तुत गरिएका १८ ओटा औद्योगिक क्षेत्रहरूको मौसमी प्रभाव समायोजित कुल मुल्य अभिवृद्धि वृद्धिदरलाई चित्र ३ मा प्रस्तुत गरिएको छ।

चित्र ३ औद्योगिक क्रियाकलापअनुसार मौसमी प्रभाव समायोजित कुल मुल्य अभिवृद्धि वृद्धिदर

(आर्थिक वर्ष २०८१/८२ चौथो त्रैमासिक)




कूल १८ ओटा औद्योगिक क्षेत्रको मौसमी प्रभाव असमायोजित मुल्य अभिवृद्धि वृद्धिदर तथा समग्र अर्थतन्त्रको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर तालिका १ मा र मौसमी प्रभाव समायोजित कुल मुल्य अभिवृद्धिको वृद्धिदर र समग्र अर्थतन्त्रको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर तालिका २ मा प्रस्तुत गरिएको छ। त्यसैगरी, आधारभूत मुल्यमा मापन गरिएका स्थिर मूल्यका मौसमी प्रभाव असमायोजित तथा समायोजित कूल मूल्य अभिवृद्धि तथा कुल गार्हस्थ्य उत्पादनका मानहरु क्रमशः तालिका ३ र ४ मा प्रस्तुत गरिएको छ। स्थिर मुल्यमा मापन गरिएका कुल गार्हस्थ्य उत्पादनको तथ्याङ्कले समग्र अर्थतन्त्रको आकार भने प्रस्तुत गर्न सक्दैन।

ढुण्डीराज लामिछाने
प्रवक्ता एवम् उप प्रमुख तथ्याङ्क अधिकारी
राष्ट्रिय तथ्याङ्क कार्यालय
फोनः ०१ ४२१५६४९ (आन्तरिक ३०९)
इमेलः dhundiraj@gmail.com

**थप जानकारीका लागिः**

निर्देशक दिनेश भट्टराई
मोबाइलः ९८४१५००७५८
निर्देशक ऋषि राम सिग्देल
मोबाइलः ९८४६२२६१८०

**Table 1: Growth Rate of Seasonally Unadjusted (Year on Year) National Quarterly GDP by Economic Activities (at basic Price , 2010/11)**

| ISIC | Industrial Classification | 2078/79 | | | | 2079/80 | | | | 2080/81 | | | | 2081/82 | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | 2021/22 | | | | 2022/23 | | | | 2023/24 | | | | 2024/25 | | | |
| | | Q1 | Q2 | Q3 | Q4 | Q1 | Q2 | Q3 | Q4 | Q1 | Q2 | Q3 | Q4 | Q1 | Q2 | Q3 | Q4 |
| A | Agriculture, forestry and fishing | 2.9 | 3.4 | 2.7 | 0.5 | 3.4 | 2.9 | 4.2 | 1.8 | 1.7 | 2.4 | 3.2 | 5.8 | 4.1 | 2.9 | 3.6 | 2.8 |
| B | Mining and quarrying | 10.8 | 3.7 | 10.9 | 10.3 | -3.0 | 2.0 | -2.8 | 7.2 | 6.4 | -3.3 | -7.5 | 16.5 | -1.5 | 3.6 | 6.1 | 0.4 |
| C | Manufacturing | 6.7 | 4.4 | 5.6 | 10.5 | -2.6 | -3.4 | -1.2 | 0.5 | -0.1 | -4.6 | -4.3 | 1.2 | 2.6 | 4.9 | 6.0 | 1.5 |
| D | Electricity, gas, steam and air conditioning supply | 28.5 | 37.5 | 72.4 | 88.4 | 37.0 | 12.7 | -21.9 | 33.2 | 17.0 | 18.1 | 38.3 | -8.6 | 17.9 | 7.9 | 13.2 | 14.0 |
| E | Water supply; sewerage, waste management | -2.8 | 0.9 | 7.5 | 8.4 | 2.2 | 4.0 | 2.7 | 4.0 | 2.2 | 1.1 | 0.7 | 1.0 | 1.8 | 2.3 | 2.4 | 1.9 |
| F | Construction | 7.4 | 3.1 | 10.3 | 7.0 | 3.7 | -17.4 | -5.9 | 13.8 | 0.1 | 9.5 | -6.3 | -8.9 | -3.9 | 4.5 | 5.8 | 2.7 |
| G | Wholesale and retail trade; repair of motor vehicles & motorcycles | -9.3 | 11.3 | -2.8 | 40.6 | -1.7 | -15.2 | -3.0 | 6.2 | -1.1 | 0.7 | -2.9 | 1.8 | 0.6 | 2.9 | 3.5 | 5.7 |
| H | Transportation and storage | 15.9 | 7.6 | -2.9 | -4.6 | 0.7 | 1.1 | 1.8 | 2.7 | 4.9 | 18.7 | 19.0 | 11.4 | 9.3 | 10.3 | 8.3 | 10.1 |
| I | Accommodation and food service activities | 22.4 | 5.0 | 3.6 | 29.1 | 54.0 | -1.1 | 5.3 | 27.1 | 14.4 | 35.3 | 21.4 | 13.8 | 9.0 | 5.5 | 1.8 | 3.9 |
| J | Information and communication | 7.4 | 3.8 | -1.5 | 7.4 | 6.2 | 4.2 | 4.8 | 1.6 | 6.9 | 7.8 | 6.4 | -1.6 | 2.5 | 6.1 | 5.8 | 4.8 |
| K | Financial and insurance activities | 19.0 | 9.0 | -7.3 | 11.2 | 18.9 | 14.8 | 22.8 | -17.2 | 9.5 | 17.3 | -1.4 | 8.6 | 1.5 | 3.9 | 4.1 | 16.2 |
| L | Real estate activities | 1.7 | 1.7 | 1.7 | 1.7 | 2.9 | 2.9 | 2.9 | 2.9 | 2.5 | 2.5 | 2.4 | 2.4 | 2.8 | 2.7 | 2.7 | 2.7 |
| M | Professional, scientific and technical activities | 2.7 | 3.9 | 2.8 | 4.6 | 3.8 | 3.4 | 4.1 | 4.4 | 3.7 | 4.0 | 4.5 | 4.3 | 3.2 | 4.0 | 4.3 | 4.4 |
| N | Administrative and support service activities | -2.3 | 0.6 | 5.1 | 2.9 | 4.6 | 5.7 | 4.4 | 5.5 | 5.1 | 2.9 | 2.6 | 5.7 | 1.9 | 3.1 | 4.9 | 5.7 |
| O | Public administration and defence; compulsory social security | 7.9 | 7.9 | -0.6 | 1.8 | 4.8 | 5.3 | 11.9 | 0.3 | 2.9 | 2.7 | 1.4 | 10.2 | 1.8 | 0.7 | 2.3 | 4.0 |
| P | Education | 10.2 | 6.6 | -1.7 | 4.1 | 2.7 | 6.7 | 3.7 | 2.7 | 1.9 | 2.2 | 1.9 | 2.5 | 1.5 | 1.6 | 2.0 | 2.8 |
| Q | Human health and social work activities | 0.4 | 13.7 | 4.6 | 10.0 | 11.2 | 6.4 | 4.9 | 3.9 | 4.1 | 3.9 | 6.9 | 6.3 | 3.6 | 4.3 | 5.1 | 6.1 |
| R, S, T | Others services | 2.2 | 4.3 | 5.9 | 5.6 | 10.1 | 3.6 | 4.6 | 4.3 | 1.5 | 5.9 | 6.4 | 3.4 | 2.7 | 3.8 | 3.4 | 5.7 |
| | **Aggregate** | **4.4** | **6.0** | **1.6** | **9.1** | **4.6** | **-1.0** | **2.7** | **3.3** | **3.0** | **4.8** | **2.2** | **3.3** | **3.2** | **3.8** | **4.2** | **4.7** |

**Table 2: Seasonally Adjusted (Quarter on Quarter) Growth Rate of National Quartely GDP by Economic Activities (at basic Price , 2010/11)**

| ISIC | Industrial Classification | 2078/79 2021/22 | | | | 2079/80 2022/23 | | | | 2080/81 2023/24 | | | | 2081/82 2024/25 | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Q1 | Q2 | Q3 | Q4 | Q1 | Q2 | Q3 | Q4 | Q1 | Q2 | Q3 | Q4 | Q1 | Q2 | Q3 | Q4 |
| A | Agriculture, forestry and fishing | -0.1 | 0.7 | -0.1 | 0.2 | 2.2 | 1.0 | 0.4 | -1.6 | 1.9 | 2.0 | 0.7 | 1.4 | -0.6 | 1.9 | 0.7 | 0.9 |
| B | Mining and quarrying | 6.8 | -0.1 | 8.4 | -6.4 | -3.7 | 5.6 | 3.0 | 0.0 | -1.6 | -3.6 | -1.2 | 22.7 | -15.3 | 1.5 | 1.4 | 13.4 |
| C | Manufacturing | 6.2 | 1.9 | 1.3 | -0.8 | -4.2 | 1.5 | 2.1 | -0.1 | -3.2 | -2.3 | 1.1 | 4.6 | -0.6 | 0.4 | 1.8 | -0.4 |
| D | Electricity, gas, steam and air conditioning supply | 34.3 | 14.6 | 20.9 | 1.1 | -4.5 | -1.6 | -15.7 | 66.5 | -16.5 | 2.5 | -0.1 | 5.8 | 7.9 | -4.4 | 5.8 | 3.8 |
| E | Water supply; sewerage, waste management | 1.8 | 2.5 | 3.3 | -0.3 | -2.0 | 3.3 | 1.2 | 0.7 | -2.1 | 1.4 | 0.5 | 0.7 | -0.2 | 1.1 | 0.6 | 0.1 |
| F | Construction | 2.1 | 6.4 | 4.5 | -7.1 | 0.2 | -13.2 | 16.7 | 11.1 | -11.3 | -3.5 | -0.8 | 5.1 | -4.6 | 5.8 | 0.1 | 0.8 |
| G | Wholesale and retail trade; repair of motor vehicles & motorcycles | 36.9 | 12.2 | -6.9 | -4.1 | -1.3 | -3.6 | 6.6 | 1.4 | -4.0 | -1.6 | 2.2 | 2.4 | -1.4 | 1.0 | 2.0 | 2.7 |
| H | Transportation and storage | 9.1 | -3.8 | -5.1 | 1.7 | 6.9 | -4.3 | -1.3 | 4.6 | 6.4 | 5.7 | 1.4 | -0.8 | 3.5 | 4.5 | 1.0 | 1.5 |
| I | Accommodation and food service activities | -12.9 | 24.2 | 18.7 | -6.6 | 14.0 | -20.2 | 19.3 | 13.0 | 4.8 | 0.5 | 3.1 | 4.0 | 1.6 | -2.2 | -1.0 | 3.8 |
| J | Information and communication | 0.6 | 0.1 | -0.4 | 7.5 | -1.4 | -1.6 | 0.5 | 4.7 | 3.0 | -0.7 | -0.6 | -2.8 | 6.7 | 2.8 | -0.7 | -3.6 |
| K | Financial and insurance activities | -2.9 | 0.5 | 0.1 | 19.2 | -5.0 | -2.0 | 13.5 | -21.2 | 25.6 | 1.7 | -2.1 | -9.5 | 15.4 | 0.9 | -1.0 | 1.9 |
| L | Real estate activities | -0.2 | 0.7 | 0.6 | 0.6 | 0.9 | 0.7 | 0.6 | 0.7 | 0.4 | 0.7 | 0.6 | 0.7 | 0.8 | 0.6 | 0.6 | 0.7 |
| M | Professional, scientific and technical activities | 1.5 | 1.4 | 0.3 | 1.2 | 0.9 | 1.2 | 0.9 | 1.0 | 0.7 | 1.5 | 1.0 | 1.0 | 0.0 | 1.3 | 2.2 | 1.1 |
| N | Administrative and support service activities | -0.5 | 1.8 | 2.9 | -1.4 | 1.6 | 2.7 | 1.3 | -0.4 | 1.7 | 0.5 | 0.8 | 2.2 | -1.5 | 1.8 | 2.4 | 2.6 |
| O | Public administration and defence; compulsory social security | 0.7 | 1.5 | -2.7 | 2.6 | 3.6 | 1.8 | 3.2 | -7.9 | 6.3 | 1.7 | 1.6 | 0.7 | -2.0 | 0.5 | 3.1 | 2.5 |
| P | Education | 3.2 | -1.1 | 0.4 | 2.1 | 1.3 | 2.3 | -2.0 | 1.3 | 0.3 | 2.3 | -1.9 | 2.0 | -0.8 | 2.1 | -1.0 | 2.5 |
| Q | Human health and social work activities | 3.4 | 4.9 | -0.5 | 2.4 | 3.9 | 0.3 | -1.6 | 1.6 | 3.8 | 0.0 | 1.4 | 1.3 | 0.8 | 0.7 | 2.2 | 2.3 |
| R, S, T | Other services | -2.7 | 3.4 | 1.8 | 2.5 | 2.4 | -2.8 | 2.2 | 2.2 | 0.1 | 1.5 | 2.3 | -0.8 | 0.0 | 2.5 | 1.6 | 1.5 |
| | **Aggregate** | **5.9** | **3.1** | **-0.4** | **0.4** | **0.7** | **-1.5** | **3.0** | **0.7** | **0.6** | **0.8** | **0.6** | **1.2** | **0.6** | **1.6** | **0.9** | **1.4** |

## Table 3: Seasonally Unadjusted National Quarterly GDP by Economic Activities (at basic Price, 2010/11, in million Rs.)

| ISIC | Industrial Classification | 2078/79 | | | | 2079/80 | | | | 2080/81 | | | | 2081/82 | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | 2021/22 | | | | 2022/23 | | | | 2023/24 | | | | 2024/25 | | | |
| | | Q1 | Q2 | Q3 | Q4 | Q1 | Q2 | Q3 | Q4 | Q1 | Q2 | Q3 | Q4 | Q1 | Q2 | Q3 | Q4 |
| A | Agriculture, forestry and fishing | 134594 | 196201 | 154764 | 176813 | 139210 | 201928 | 161210 | 180056 | 141644 | 206702 | 166383 | 190546 | 147497 | 212727 | 172293 | 195925 |
| B | Mining and quarrying | 3970 | 4159 | 4412 | 4313 | 3851 | 4242 | 4288 | 4625 | 4100 | 4103 | 3967 | 5388 | 4037 | 4251 | 4209 | 5410 |
| C | Manufacturing | 31518 | 33877 | 34141 | 31673 | 30693 | 32721 | 33746 | 31819 | 30661 | 31230 | 32294 | 32190 | 31453 | 32768 | 34246 | 32681 |
| D | Electricity, gas, steam and air conditioning supply | 12809 | 10223 | 8026 | 13832 | 17554 | 11518 | 6270 | 18421 | 20546 | 13605 | 8669 | 16834 | 24219 | 14673 | 9817 | 19192 |
| E | Water supply; sewerage, waste management | 4536 | 3948 | 3979 | 4087 | 4638 | 4107 | 4088 | 4249 | 4738 | 4153 | 4119 | 4291 | 4825 | 4247 | 4219 | 4371 |
| F | Construction | 39013 | 41477 | 44050 | 42604 | 40467 | 34264 | 41441 | 48502 | 40493 | 37534 | 38830 | 44191 | 38932 | 39211 | 41084 | 45383 |
| G | Wholesale and retail trade; repair of motor vehicles & motorcycles | 76798 | 104611 | 90939 | 85136 | 75497 | 88660 | 88207 | 90450 | 74635 | 89247 | 85621 | 92064 | 75071 | 91859 | 88616 | 97277 |
| H | Transportation and storage | 36146 | 34339 | 31080 | 21643 | 36408 | 34719 | 31632 | 22228 | 38190 | 41196 | 37633 | 24752 | 41734 | 45424 | 40757 | 27254 |
| I | Accommodation and food service activities | 5868 | 8574 | 8741 | 7037 | 9035 | 8483 | 9203 | 8948 | 10336 | 11478 | 11172 | 10182 | 11266 | 12111 | 11377 | 10575 |
| J | Information and communication | 21422 | 21874 | 20842 | 21908 | 22747 | 22783 | 21833 | 22256 | 24317 | 24567 | 23224 | 21909 | 24927 | 26064 | 24583 | 22962 |
| K | Financial and insurance activities | 28482 | 26789 | 31793 | 38565 | 33869 | 30761 | 39038 | 31913 | 37096 | 36077 | 38499 | 34673 | 37658 | 37490 | 40094 | 40304 |
| L | Real estate activities | 44884 | 44888 | 44877 | 44898 | 46184 | 46190 | 46181 | 46209 | 47331 | 47329 | 47302 | 47300 | 48639 | 48607 | 48579 | 48590 |
| M | Professional, scientific and technical activities | 4972 | 5159 | 5140 | 5191 | 5162 | 5334 | 5348 | 5420 | 5356 | 5548 | 5591 | 5653 | 5529 | 5767 | 5832 | 5901 |
| N | Administrative and support service activities | 3759 | 3964 | 4113 | 4062 | 3931 | 4190 | 4293 | 4285 | 4132 | 4310 | 4403 | 4528 | 4211 | 4445 | 4620 | 4787 |
| O | Public administration and defence; compulsory social security | 26803 | 27045 | 26844 | 28815 | 28094 | 28471 | 30030 | 28889 | 28895 | 29254 | 30440 | 31826 | 29414 | 29464 | 31129 | 33101 |
| P | Education | 33703 | 33280 | 32684 | 35094 | 34622 | 35499 | 33898 | 36036 | 35273 | 36293 | 34556 | 36945 | 35795 | 36888 | 35251 | 37969 |
| Q | Human health and social work activities | 7690 | 7712 | 7665 | 8299 | 8551 | 8209 | 8044 | 8624 | 8905 | 8525 | 8602 | 9170 | 9225 | 8896 | 9037 | 9726 |
| R, S, T | Other Services | 2638 | 2692 | 2719 | 2786 | 2905 | 2789 | 2845 | 2907 | 2948 | 2955 | 3028 | 3004 | 3028 | 3068 | 3132 | 3174 |
| | **Total** | **519603** | **610814** | **556807** | **576756** | **543419** | **604868** | **571595** | **595837** | **559596** | **634104** | **584332** | **615446** | **577459** | **657959** | **608875** | **644582** |

## Table 4: Seasonally Adjusted National Quarterly GDP by Economic Activities (at basic Price, 2010/11, in million Rs.)

| ISIC | Industrial Classification | 2078/79 | | | | 2079/80 | | | | 2080/81 | | | | 2081/82 | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | 2021/22 | | | | 2022/23 | | | | 2023/24 | | | | 2024/25 | | | |
| | | **Q1** | **Q2** | **Q3** | **Q4** | **Q1** | **Q2** | **Q3** | **Q4** | **Q1** | **Q2** | **Q3** | **Q4** | **Q1** | **Q2** | **Q3** | **Q4** |
| A | Agriculture, forestry and fishing | 164728 | 165813 | 165729 | 166023 | 169685 | 171302 | 172026 | 169274 | 172413 | 175904 | 177194 | 179612 | 178520 | 181849 | 183125 | 184857 |
| B | Mining and quarrying | 4105 | 4100 | 4443 | 4160 | 4007 | 4231 | 4356 | 4356 | 4286 | 4132 | 4083 | 5011 | 4245 | 4309 | 4370 | 4955 |
| C | Manufacturing | 32124 | 32737 | 33150 | 32891 | 31503 | 31971 | 32636 | 32605 | 31566 | 30835 | 31187 | 32621 | 32430 | 32549 | 33133 | 32985 |
| D | Electricity, gas, steam and air conditioning supply | 9381 | 10749 | 12991 | 13140 | 12543 | 12345 | 10401 | 17321 | 14456 | 14822 | 14809 | 15661 | 16895 | 16144 | 17075 | 17729 |
| E | Water supply; sewerage, waste management | 3996 | 4094 | 4229 | 4217 | 4132 | 4268 | 4321 | 4350 | 4260 | 4318 | 4341 | 4371 | 4364 | 4413 | 4440 | 4444 |
| F | Construction | 39636 | 42175 | 44077 | 40953 | 41029 | 35625 | 41569 | 46172 | 40938 | 39503 | 39182 | 41188 | 39309 | 41594 | 41623 | 41942 |
| G | Wholesale and retail trade; repair of motor vehicles & motorcycles | 85542 | 95966 | 89339 | 85682 | 84603 | 81575 | 86951 | 88190 | 84679 | 83300 | 85160 | 87165 | 85938 | 86773 | 88522 | 90941 |
| H | Transportation and storage | 32532 | 31288 | 29678 | 30172 | 32256 | 30863 | 30468 | 31882 | 33920 | 35859 | 36345 | 36069 | 37324 | 38998 | 39382 | 39978 |
| I | Accommodation and food service activities | 5916 | 7349 | 8722 | 8149 | 9292 | 7416 | 8847 | 10001 | 10480 | 10537 | 10865 | 11298 | 11477 | 11229 | 11117 | 11535 |
| J | Information and communication | 21159 | 21188 | 21112 | 22698 | 22383 | 22016 | 22137 | 23173 | 23879 | 23716 | 23570 | 22917 | 24454 | 25131 | 24950 | 24042 |
| K | Financial and insurance activities | 29900 | 30042 | 30069 | 35840 | 34051 | 33364 | 37880 | 29837 | 37461 | 38093 | 37278 | 33720 | 38929 | 39268 | 38866 | 39622 |
| L | Real estate activities | 44450 | 44750 | 45037 | 45321 | 45736 | 46044 | 46342 | 46663 | 46857 | 47177 | 47465 | 47779 | 48147 | 48447 | 48739 | 49090 |
| M | Professional, scientific and technical activities | 5039 | 5112 | 5129 | 5188 | 5233 | 5294 | 5342 | 5397 | 5433 | 5514 | 5567 | 5620 | 5622 | 5694 | 5820 | 5884 |
| N | Administrative and support service activities | 3876 | 3946 | 4060 | 4003 | 4067 | 4175 | 4229 | 4213 | 4283 | 4304 | 4338 | 4435 | 4370 | 4448 | 4555 | 4673 |
| O | Public administration and defence; compulsory social security | 27274 | 27673 | 26925 | 27615 | 28598 | 29122 | 30049 | 27690 | 29433 | 29930 | 30407 | 30611 | 30002 | 30146 | 31080 | 31843 |
| P | Education | 33754 | 33371 | 33496 | 34205 | 34658 | 35467 | 34754 | 35214 | 35323 | 36151 | 35451 | 36168 | 35865 | 36621 | 36255 | 37176 |
| Q | Human health and social work activities | 7541 | 7908 | 7872 | 8061 | 8379 | 8402 | 8264 | 8395 | 8714 | 8715 | 8835 | 8947 | 9019 | 9083 | 9287 | 9498 |
| R, S, T | Other Services | 2599 | 2687 | 2736 | 2805 | 2872 | 2793 | 2855 | 2918 | 2922 | 2966 | 3033 | 3008 | 3009 | 3083 | 3131 | 3177 |
| | **Total** | **553552** | **570948** | **568794** | **571123** | **575027** | **566273** | **583427** | **587651** | **591303** | **595776** | **599110** | **606201** | **609919** | **619779** | **625470** | **634371** |

# अनुसूचीः त्रैमासिक राष्ट्रिय लेखा अनुमानका प्रकाशित तालिकासम्बन्धी प्राविधिक नोट

राष्ट्रिय तथ्याङ्क कार्यालयले तयार गर्ने त्रैमासिक राष्ट्रिय लेखासम्बन्धी अनुमानहरू संयुक्त राष्ट्रसंघ, तथ्याङ्क आयोगले (United Nations, Statistics Commission) सिफारिस गरेको System of National Accounts, 2008 मा उल्लेखित विधि र वर्गीकरणहरूमा आधारित छन्। राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गर्ने त्रैमासिक राष्ट्रिय लेखासम्बन्धी चार ओटा तालिकाहरूमा प्रयोग भएका केही प्राविधिक शब्द एवम् सूचकहरूको संक्षिप्त परिभाषा यस प्रकार रहेको छ।

## १. आर्थिक वृद्धिदर (तालिका १ र २ सँग सम्बन्धित)

आर्थिक वृद्धिदर भनेको कुनै अर्थतन्त्र भित्र निश्चित समयावधिमा सञ्चालित आर्थिक क्रियाकलापबाट मुल्य अभिवृद्धि भई नयाँ उत्पादन भएका वस्तु तथा सेवाहरूको स्थिर मुल्यमा अघिल्लो अवधिको तुलनामा भएको प्रतिशत परिवर्तन हो। अर्को शब्दमा, आर्थिक वृद्धिदर भनेको अघिल्लो अवधिको तुलनामा राष्ट्रको स्थिर मुल्यको कुल गार्हस्थ्य उत्पादन (रियल जीडीपी) मा हुने परिवर्तन हो। देशको अर्थतन्त्रको अवस्थाको मूल्याङ्कन गर्न यो सूचक प्रयोग गरिन्छ। सुत्रमा,

$$\text{आर्थिक वृद्धिदर} = \frac{\text{यस अवधिको रियल जीडीपी} - \text{अघिल्लो अवधिको रियल जीडीपी}}{\text{अघिल्लो अवधिको रियल जीडीपी}} X १००$$

त्रैमासिक राष्ट्रिय लेखाका प्रकाशित तालिका १ मा मौसमी प्रभाव असमायोजित त्रैमासिक वृद्धिलाई प्रस्तुत गरिएको छ। यो वृद्धिले कुल गार्हस्थ्य उत्पादनको वार्षिक परिवर्तनलाई प्रस्तुत गरेको हुन्छ। उदाहरणका लागि आर्थिक वर्ष २०८०/८१ को चौथो त्रैमासिकको तुलनामा आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिकमा कुल गार्हस्थ्य उत्पादनमा कति प्रतिशतले वृद्धि भयो भनेर तालिका १ मा प्रस्तुत तथ्याङ्कबाट थाह पाउन सकिन्छ। यसलाई Year on Year वृद्धि पनि भनिन्छ। यसमा मौसमी प्रभावलाई समायोजन गरिएको हुदैन।

त्यसैगरी, त्रैमासिक राष्ट्रिय लेखाका प्रकाशित तालिका २ मा मौसमी प्रभाव समायोजित त्रैमासिक वृद्धिलाई प्रस्तुत गरिएको छ। यो वृद्धिले कुनै त्रैमासिकको कुल गार्हस्थ्य उत्पादन सोभन्दा लगत्तै अगाडिको त्रैमासिकभन्दा कति प्रतिशतले वृद्धि भयो भनेर तालिका २ मा प्रस्तुत तथ्याङ्कबाट थाह पाउन सकिन्छ। यसलाई Quarter on Quarter वृद्धि पनि भनिन्छ। यसमा मौसमी प्रभावलाई समायोजन गरिएको हुन्छ।

आर्थिक वृद्धिदर अर्थतन्त्रको स्वास्थ्य मापन गर्न प्रयोग गरिन्छ। धनात्मक आर्थिक वृद्धिदर अर्थतन्त्र सही दिशामा अगाडि बढेको सङ्केत हो भने ऋणात्मक आर्थिक वृद्धिदर अर्थतन्त्र संकुचनमा गएको सङ्केत हो। दुई भिन्न अर्थतन्त्र बीचको आर्थिक प्रगति तुलनात्मक रूपमा अध्ययन गर्न आर्थिक

वृद्धिदरलाई प्रमुख सूचकको रूपमा प्रयोग गरिन्छ। नीति निर्माता, योजनाकार, अर्थविद् तथा पत्रकारहरूले यो सूचक निकै प्रयोग गरेको पाईन्छ।

## ४. कुल मुल्य अभिबृद्धि (तालिका ३ र ४ सँग सम्बन्धित)

कुल उत्पादनमा मध्यवर्ती उपभोग घटाएर बाँकि रहेको मान नै कुल मुल्य अभिवृद्धि हो। तर त्रैमासिक कुल मुल्य अभिवृद्धि अनुमान गर्नका लागि आर्थिक क्रियाकलापका विभिन्न सूचक (High frequency indicators) को प्रयोग गरिने हुनाले कुल उत्पादन र मध्यवर्ती उपभोगको गणना गरिएको छैन। तालिका ३ मा प्रस्तुत गरिएको तथ्याङ्क स्थिर मुल्य (आधार वर्ष २०६७/६८) मा मापन गरिएका मौसमी प्रभाव असमायोजित कुल मुल्य अभिवृद्धि हुन् भने तालिका ४ मा प्रस्तुत गरिएको तथ्याङ्क स्थिर मुल्य (आधार वर्ष २०६७/६८) मा मापन गरिएका मौसमी प्रभाव समायोजित कुल मुल्य अभिवृद्धि हुन्।

## ५. त्रैमासिकको परिचय

नेपालको आर्थिक वर्ष प्रत्येक श्रावण एक गते सुरू भई असारको मसान्तमा समाप्त हुन्छ। एक आर्थिक वर्षका चार ओटा त्रैमासिकको विभाजन देहायबमोजिम गरिएको छः

(क) प्रथम त्रैमासिकः साउन, भदौ, असोज (Q1: Mid. July- Mid. October)

(ख) दोस्रो त्रैमासिकः कार्तिक, मंसिर पौष (Q2: Mid. October- Mid. January)

(ग) तेस्रो त्रैमासिकः माघ, फागुन चैत (Q3: Mid. January- Mid April)

(घ) चौथो त्रैमासिकः वैशाख, जेठ, असार (Q4: Mid. April- Mid July)